# संस्थागत स्मरण बरबुझारथ प्रतिवेदन
# (Handover Note)



प्रकाश पौडेल
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, चितवन

## संस्थागत स्मरण बरबुझारथ प्रतिवेदन

## Handover Note

चितवन जिल्लाको प्रमुख जिल्ला अधिकारी पदमा कार्यरत रहेकोमा नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८२।०५।०४ को निर्णयानुसार श्री जिल्ला प्रशासन कार्यालय, बारामा रमाना भई जाने क्रममा म प्रकाश पौडेलले चितवन जिल्लाको प्रमुख जिल्ला अधिकारीको रुपमा सरुवा भई आउनुहुने तपाई श्री ........................................ लाई बुझाइएको ।

प्रकाश पौडेल
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, चितवन

(कार्यअवधि: मिति २०८१।०७।०८ देखि मिति २०८२।०५।०६)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

प्रिय सहकारीज्यू,

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालयबाट सम्पादन गर्ने गरी कार्य जिम्मेवारीमा रहेका कार्यहरु, स्थानीय प्रशासन सञ्चालन ऐन, २०२८ लगायत विभिन्न विषयगत ऐन कानूनले प्रत्यायोजन गरे अनुसारका कार्यहरु साथै श्रीमान् गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारीबिच भएको कार्यसम्पादन करार सम्झौता (Performance Contract) अनुसार चितवन जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण, विपद् व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, उपभोक्ता हित संरक्षण, विकास व्यवस्थापन, मानव अधिकारको संरक्षण र संवर्द्धन कायम गरी शान्त, सभ्य र स्वच्छ समाज निर्माण गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु मेरो मुख्य जिम्मेवारी रहेको थियो।

यसै सन्दर्भमा उल्लेखित कार्यहरु सम्पादन गर्ने जिम्मेवारी सहित म यस जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारीको रुपमा मिति २०८१ कार्तिक ८ गते देखि हालसम्म प्रमुख जिल्ला अधिकारीको रुपमा कार्यरत रहँदै आएकोमा नेपाल सरकार गृह मन्त्रालयको निर्णयानुसार सरुवा भई जान लागेकोले यस जिल्लाको प्रमुख जिल्ला अधिकारीको रुपमा खटी आउनुहुने तपाईलाई यस कार्यालयको समग्र स्थिति, मेरो कार्यकालमा भएका मुख्य-मुख्य कार्यहरु आगामी दिनमा सम्पादन गर्नुपर्ने गरी सुरुवात भएका कार्यहरु एवम विद्यमान समस्या तथा चुनौती लगायत विभिन्न पक्षहरुको जानकारी दिने उद्देश्यले यो संस्थागत स्मरण (Institutional Memory) प्रतिवेदन उपलब्ध गराउँदैछु।

यस जिल्लामा रही कार्यरत रहेको अवधिमा यस जिल्लाबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि सभा सदस्यज्यूहरु, बागमती प्रदेश सभा सदस्यज्यूहरु, स्थानीय तहका प्रमुख लगायत जनप्रतिनिधिहरु, विभिन्न विषयगत कार्यालयका प्रमुख लगायतका कर्मचारीहरु, राजनैतिक दलका प्रमुख लगायत प्रतिनिधिहरु, सञ्चारकर्मी, आम नागरिक तथा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी लगायत सम्पुर्ण कर्मचारीहरुबाट प्राप्त साथ र सहयोगमा केही नवीन प्रयासहरुको थालनी गरिएको छ। साथै जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्र अनुसार कार्यसम्पादन गरी गुणस्तरीय सेवा प्रवाहको कार्य संस्कृतिको समेत विकास भएको छ। जसबाट शान्ति सुरक्षा र अमनचयन, नागरिकमा सन्तुष्टिस्तर बढ्दै गएको तथा सेवाग्राहीको सशक्तीकरण मार्फत सेवाग्राहीको स्वस्थ नियन्त्रण, आधारित सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, पारदर्शी, जवाफदेही बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच कायम गरी संस्थागत व्यावसायिकता अभिवृद्धि गर्ने कार्यमा समेत थप सहयोग पुगेको छ।

यस प्रतिवेदनले यस कार्यालयबाट सम्पादन हुँदै आएका कार्यहरुको हालसम्मको उपलब्धी, आगामी दिनमा सम्पादन गर्नुपर्ने प्राथमिकताप्राप्त कार्यहरु, कार्यसम्पादनको क्रममा देखा परेका समस्या एवं चुनौतीहरुका बारेमा यहाँलाई सहज रुपमा अवगत हुनेछ। यस विवरणले तपाईलाई प्रमुख

प्रमुख जिल्ला अधिकारी

जिल्ला अधिकारीको रुपमा कार्यसम्पादनमा सरल र सहज हुनुका साथै उच्च व्यावसायिकता प्रवर्द्धन गर्ने कार्यमा समेत महत्वपूर्ण हुने अपेक्षा गरेको छु।

अग्रज प्रमुख जिल्ला अधिकारीको नाताले तपाईलाई चितवन जिल्लामा स्वागत गर्दछु। नागरिकलाई शान्ति, सुरक्षा र अमनचयनको अनुभूति दिलाई मुलुकको समृद्धिमा योगदान गर्न यहाँलाई सफलता मिलोस् भनी शुभकामना समेत व्यक्त गर्दछु।

हरेक पदाधिकारीले आफू पदबाट सरुवा, बढुवा, अवकासपछि आउने पदाधिकारीलाई संस्थाको समग्र अवस्थाको जानकारी दिने उद्देश्यले बरबुझारथ गर्ने परम्परालाई स्थापित गर्ने सिलसिलामा यो अनुरोध पत्र लेख्दैछु। हस्तान्तरण प्रतिवेदनको माध्यमबाट संस्थाका आन्तरिक विषयवस्तुको छिटो र आधिकारिक रुपमा जानकारी भई संस्थाभित्रको सामाजिकीकरणलाई प्रभावकारी बनाउने यस्तो अभिलेख महत्वपूर्ण हुने विश्वास लिएको छु। म यस जिल्लाको प्रमुख जिल्ला अधिकारी बहाली भए पश्चात हालसम्म धेरै क्रियाकलाप र सुधार प्रयासहरु भए। ती सबै यस प्रतिवेदनमा समेट्न सकिएको छैन। ती मध्ये केही महत्वपूर्ण क्रियाकलाप र उपलब्धी, समस्या एवं चुनौतीहरु र भावी कार्यदिशा सहितको विवरण तयार गरी यसै प्रतिवेदनमा समावेश गरेको छु।

प्रकाश पौडेल
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, चितवन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

## १. जिल्लाको संक्षिप्त वस्तुस्थिति:

### १.१. भौगोलिक अवस्थिति:

चितवन जिल्ला नेपालका ७७ जिल्ला मध्येको एक जिल्ला हो, जुन बागमती प्रदेशको दक्षिण–पश्चिम भागमा अवस्थित छ। विश्व मानचित्रमा २७°२१'४५" देखि २७°५२'३०"उत्तरी अक्षांश र ८३°५४'४५" देखि ८४°४८' ५" पुर्वी देशान्तरमा अवस्थित यो जिल्ला २२३८.३९ वर्ग किलोमिटर (८६४.२५ वर्ग माइल) क्षेत्रफलमा फैलिएको छ। जिल्लाको भूभाग समुद्री सतहवाट १४४ मिटर देखि १९४७ मिटरसम्मको उचाईमा रहेको छ। यो जिल्ला तराईको भावर प्रदेश देखि महाभारत पर्वत सम्म फैलिएको छ। जिल्लाको पूर्वतर्फ मकवानपुर र पर्सा, पश्चिमतर्फ नवलपरासी र तनहूँ, उत्तरतर्फ गोर्खा र धादिङ्ग जिल्लाहरु पर्दछन् भने दक्षिणतर्फ भारतको उत्तर प्रदेश र विहार राज्य पर्दछ। जिल्लाको धेरैजसो भूभाग चितवन उपत्यकामा रहेको छ भने उत्तरी भागमा महाभारत पर्वत शृङ्खला पर्दछ। नेपालको सबैभन्दा पुरानो चितवन राष्ट्रिय निकुञ्ज यसै जिल्लामा पर्दछ। युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत यो राष्ट्रिय निकुञ्ज ९५२.६३ वर्ग किलोमिटर (३६७.८१ वर्ग माइल) क्षेत्रफलमा फैलिएको छ।तीन वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र छ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेको चितवन जिल्लामा एक महानगरपालिका र पाँच नगरपालिका र एक गाउँपालिकागरी जम्मा सात वटा स्थानीय तह रहेका छन।

### १.२. जिल्ला सदरमुकाम र प्रमुख आर्थिक व्यापारिक केन्द्रहरु:

चितवन जिल्लाको सदरमुकाम भरतपुर महानगरपालिकास्थित भरतपुरमा रहेको छ, जुन नेपालका ठूला सहरमध्येको एक हो भनेयहाँका अन्य प्रमुख सहर तथा व्यापारिक केन्द्रहरुमा नारायणघाट, टाँडी, पर्सा,नारायणगढ, टाँडी, पर्सा, खैरहनी, पर्साढाप, मुग्लिन, चनौली, रामपुर, मंगलपुर, जगतपुर, गितानगर, शिवनगर, भण्डारा, कुरिनटार, वसन्तपुर, बरुवा बजार, पटिहानी, पार्वतीपुर, शारदानगर, मेघौली आदि रहेका छन् ।भरतपुर खासगरि मध्यक्षेत्रमा बसोवास गर्ने नेपालीहरुका लागि उच्च शिक्षा, व्यापार र यातायातको केन्द्र बिन्दु मानिन्छ। संघीय राजधानी काठमाण्डौसंग जोड्ने निकटतम राजमार्ग र पूर्व पश्चिम राजमार्गको संगमस्थलमा रहेको हुँदा व्यापार, उद्योग, कृषि,पर्यटन लगायका क्षेत्रमा भरतपुर र समग्र चितवन नेपालमै एक प्रशिद्ध स्थानको रुपमा रहेको छ। प्राकृतिक सुन्दरता, जैविक,साँस्कृतिक एवंधार्मिक विविधताको कारण चितवन जिल्ला आन्तरिक तथा बाह्य पर्यटकको लागि नेपालका प्रमुख पर्यटकीय गन्तव्यहरुमध्ये पर्दछ।

प्रमुख जिल्ला अधिकारी

## १.३. प्रमुख नदी तथा जलभण्डार:

चितवन जिल्ला भएर बग्ने प्रमुख नदी तथा खोलाहरुमा नारायणी,राप्ती, लोथर, रिउ, कायर खोला, रिग्दी अदि पर्दछन् भने बीसहजारी ताल, सत्रहजार ताल, सत्ताइसहजार ताल, अठ्ठाइस हजार ताल, नन्दभाउजु ताल, तमोरघैला ताल, कसरा ताल, मन्जुरा ताल, अन्जुरा ताल, गड्डवा ताल, मुण्डा ताल, देवी ताल, बैकुण्ठ ताल, अन्जना ताल, परशुराम कुण्ड आदि यहाँ अवस्थित ताल तथा कुण्डहरु हुन्।

## १.४. प्रमुख पर्यटकीय स्थलहरु:

देवघाट, बागेश्वरी, गणेशस्थान, शिवघाट, त्रिवेणी, गोद्धक, पाण्डवनगर, सोमेश्वर कालिका, बिक्रमबाबा, चित्रसारी, जुट्पानी कालिका, उपरदाङगढी, चितवन राष्ट्रिय निकुञ्ज, सौराह, कुरिनटार, पुरानो गढी, सोमेश्वर गढी, कविलासपुर गढी, सिराईचुली आदि यहाँका मुख्य ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु हुन् । जिल्लामा अवस्थित सौराहा, मेघौली, टाइगरटप, चितवन राष्ट्रिय निकुञ्ज, नारायणी, त्रिशुलीमा गरिने जलविहार बाह्य पर्यटनका आकर्षणको रुपमा रहेका छन् भने देवघाट, त्रिवेणी, वाल्मीकि आश्रम, गोद्धाक, विक्रमबाबा, वागेश्वरी, चित्रसारी, लगायतका स्थलहरु धार्मिक एवम् आन्तरिक पर्यटकहरुका लागिअकर्षण बन्दै आएका छन् ।

## १.५. जलवायु:

चितवन समशितोष्ण र उष्ण प्रदेशीय हावापानी भएको र मनसुनको समयमा उच्च वर्षा हुने ठाउँ हो। यस क्षेत्रमा मनसुन प्रायः जुन महिनाको मध्यदेखि सुरु हुन्छ र सेप्टेम्बर महिनाको अन्त्यतिर वर्षामा कमी आउँछ। यस अवधिमा यहाँ वार्षिक सरदर २५०० मिलिमिटर वर्षा हुने गरेको पाइन्छ।

## १.६. जनसंख्या:

औलोको घरको रुपमा चिनिने चितवन जिल्ला आजभन्दा करिव पाँच दशक अघिसम्म मानव बसोबासको दृष्टिले प्राथमिकतामा पर्ने गरेको नपाइएतापनि त्यसयता नेपालका प्राय सबैजसो जिल्लाका मानिसहरु बसाइसराई गरी यस जिल्लामा आई बसोबास गर्ने गरेको पाइन्छ। तसर्थ चितवन जिल्ला विभिन्न जातजाति, भाषाभाषी, धर्म र संस्कृतिको विविधता भएको जिल्लाको रुपमा चिनिन्छ । वि.सं.२०७८ सालको प्रारम्भिक तथ्याङ्क अनुसार यस जिल्लाको कुल घरधुरी संख्या ७१३७५० र कुल जनसंख्या रहेको छ जस मध्ये पुरुष ३४७१७३ र महिला ३३४५५७ रहेको छ। स्थानीय तहगत जनसंख्या विवरण देहायअनुसार रहेको छ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

| स्थानीय तह | वडा संख्या | घरधुरी | परिवार संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|---|
| भरतपुर म.न.पा. | २९ | ७७८३८ | ९८२८८ | ३६९३७७ | १७९७४४ | १८९६३३१७ |
| रत्ननगर न.पा. | १६ | १९९०१ | २२६७० | ९०९७८ | ४४१२० | ४६८५८ |
| राप्ती न.पा. | १३ | १४३९० | १५४५९ | ६६४२६ | ३२६०९ | ३३८१७ |
| खैरहनी न.पा. | १३ | १४६५० | १६७५७ | ६८६७५ | ३३१०४ | ३५५७१ |
| कालिका न.पा. | ११ | ११६२३ | १२४६६ | ५२७७९ | २५७४० | २७०३९ |
| माडी न.पा. | ९ | ९७१० | १०२२७ | ३८५५० | १८२५७ | २०२९३ |
| इच्छाकामना गा.पा. | ७ | ५५१७ | ६१७४ | २६९६५ | १३५९९ | १३३६६ |
| जम्मा | ९८ | १५३६२९ | १८२०४१ | ७१३७५० | ३४७१७३ | ३३४५५७ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक तथ्यांक अनुसार २०७८

## २. जिल्लास्थित राजनीतिक दलका प्रमुखहरुको सम्पर्क विवरण:

| सि.नं. | पद | नामथर | कार्यालय/संस्थाको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सभापती | श्री राजेश्वर खनाल | नेपाली काँग्रेस | ९८५५०६१२०८ |
| २ | अध्यक्ष | श्री कमल राज पाठक | नेकपा एमाले | ९८५५०५५७०८ |
| ३ | संयोजक | श्री रामचन्द्र अधिकारी | नेकपा माओवादी केन्द्र | ९८५११३०७६२ |
| ४ | प्रमुख | श्री कृष्ण प्रसाद भुसाल | राष्ट्रिय स्वतन्त्र पार्टी | ९८४५१३८३५७ |
| ५ | अध्यक्ष | श्री रुद्र प्रसाद ढकाल | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५५०५९९६३ |
| ६ | अध्यक्ष | श्री नरेन्द्र कदङदवा | नेकपा एकिकृत समाजवादी | ९८५५०४६०८३ |
| ७ | अध्यक्ष | श्री मुस्तफा अलि | जनता समाजवादी पार्टी | ९८४५०४८५८६ |

## ३. जिल्लास्थित कार्यालय प्रमुखको सम्पर्क विवरण:

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | श्री जिल्ला प्रशासन कार्यालय, चितवन | श्री प्रकाश पौडेल | प्रमुख जिल्ला अधिकारी | ९८५५०१७७७७ |
| २ | श्री चितवन जिल्ला अदालत | श्री देविराम भण्डारी | श्रेष्तेदार | ९८४१५७८९०१ |
| ३ | श्री नयाँ सबुज गण, भरतपुर ब्यारेक | श्री दिनेश लामा | प्रमुख सेनानी | ९८५५०७२१७४ |

प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| ४ | श्री जिल्ला प्रहरी कार्यालय, चितवन | श्री गोविन्द पुरी | प्रहरी उपरिक्षक | ९८५५०१५५५५ |
| ५ | श्री नयाँ गोरख गण, कसरा, चितवन | श्री शिवराज बस्नेत | प्रमुख सेनानी | ९८४१५६२६०५ |
| ६ | श्री नेपाल प्रहरी, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, रामनगर | श्री नरेश राज सुवेदी | प्रहरी उपरिक्षक | ९८५५०९००१७ |
| ७ | श्री सशस्त्र प्रहरी बल, हे.क्वा. १७ नं. गण, आँपटारी | श्री धिरेन्द्र राज न्यौपाने | सशस्त्र प्रहरी उपरिक्षक | ९८५१२७२११३ |
| ८ | श्री राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, चितवन | श्री सुरेश कुमार तिवारी | उप-अनुसन्धान निर्देशक | ९८५५०११२११ |
| ९ | श्री सशस्त्र प्रहरी बल, विपद व्यवस्थापन तालिम शिक्षालय, कुरिनटार, चितवन | श्री भरत खनिया | सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक | ९८५१२७२०५९ |
| १० | श्री जिल्ला समन्वय समितिको कार्यालय, चितवन | श्री हरिप्रसाद शर्मा | जिल्ला समन्वय अधिकारी | ९८५५०७७२२२ |
| ११ | श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवन | श्री यामनारायण शर्मा | प्रमुख कोष नियन्त्रक | ९८५५०८२७२९ |
| १२ | श्री जिल्ला सरकारी वकिल कार्यालय, चितवन | श्री रवि न्यौपाने | जि.न्या.व. | ९८५५०६३३२२ |
| १३ | श्री मालपोत कार्यालय, भरतपुर | रमेश प्रसाद गौतम | प्रमुख मालपोत अधिकृत | ९८५५०६४१९१ |
| १४ | श्री आन्तरिक राजश्व कार्यालय | पुण्य विक्रम खड्का | प्रमुख कर अधिकृत | ९८५५०५३५५५ |
| १५ | श्री शिक्षा विकास तथा समन्वय इकाई | श्री विष्णु प्रसाद भट्टराई | इकाइ प्रमुख | ९८५५०६३३६३ |
| १६ | श्री डिभिजन वन कार्यालय | श्री थीर बहादुर कार्की | डिभिजनल वन अधिकृत | ९८५५०५७२१५ |
| १७ | श्री सडक डिभिजन  भरतपुर | श्री नारायण प्रसाद लामिछाने | डिभिजन प्रमुख | ९८५५०११९२६ |
| १८ | श्री जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, भरतपुर | श्री हरि प्रसाद गुरागाई | कार्यालय प्रमुख | ९८५५०८१३२४ |
| १९ | श्री सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना | श्री चक्र विक्रम सिंह | आयोजना प्रमुख | ९८५५०९२०७७ |
| २० | श्री खानेपानी तथा ढल व्यवस्थापन कार्यालय | श्री शेखर चन्द्र के.सि. | कार्यालय प्रमुख | ९८५५०३२२०४ |
| २१ | श्री राष्ट्रिय पंक्षि रोग अन्वेषण प्रयोगशाला | श्री चेतनारायण खरेल | बरिष्ठ पशु चिकित्सक | ९८५५०३९३३५ |
| २२ | श्री पशु सेवा कार्यालय, चितवन | श्री सुशील के.सि. | ब.पशु विकास अधिकृत | ९८५५०६५१७६ |

प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| २३ | श्री मत्स्य विकास केन्द्र, भण्डारा | श्री माधब प्रसाद दाहाल | वरिष्ठ मत्स्य विकास अधिकृत | ९८५५०६२०८५ |
| २४ | श्री राष्ट्रिय मकैवाली अनुसन्धान, रामपुर | श्री तिर्थराज रिजाल | कार्यालय प्रमुख | ९८४५०४४०६६ |
| २५ | श्री राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम, रामपुर | श्री देवी प्रसाद अधिकारी | संयोजक | ९८४५०६४६७० |
| २६ | श्री सघन शहरी तथा भवन निर्माण आयोजना | श्री झपट बहादुर थापा | आयोजना प्रमुख | ९८५५०६३१४९ |
| २७ | श्री चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा | डा. गणेश पन्त | संरक्षण अधिकृत | ९८५११५६८७५ |
| २८ | श्री जिल्ला हुलाक कार्यालय | श्री नरहरी सापकोटा | हुलाक अधिकृत | ९८५५०८१२६१ |
| २९ | श्री सहकारी शिक्षालय भरतपुर, चितवन | श्री विष्णु अधिकारी | प्राचार्य | ९८५५०६३२८२ |
| ३० | श्री पूर्वाधार विकास कार्यालय | श्री बीरेन्द्र कुमार चौधरी | सि.डि.ई. | ९८५५०८३८२० |
| ३१ | श्री भरतपुर महानगरपालिका | श्री लक्ष्मी प्रसाद पौडेल | प्र.प्र.अ. (स.स.) | ९८५५०५८०६६ |
| ३२ | श्री रत्ननगर नगरपालिका कार्यालय | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०१४१११ |
| ३३ | श्री खैरहनी नगरपालिका कार्यालय | श्री विष्णु प्र. सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०१५१११ |
| ३४ | श्री कालिका नगरपालिका कार्यालय | श्री देवराज चौलागाई | प्र.प्र.अ. (उ.स.) | ९८५५०१९१११ |
| ३५ | श्री राप्ती नगरपालिका कार्यालय | श्री अमर बहादुर वली | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०६३८१६ |
| ३६ | श्री माडी नगरपालिका कार्यालय | श्री जगत बहादुर भुसाल | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०५०३०६ |
| ३७ | श्री जनस्वास्थ्य कार्यालय चितवन | श्री दिनेश रुपाखेती | जनस्वास्थ्य प्रशासक | ९८५५०३०६६४ |
| ३८ | श्री कृषि विकास कार्यालय, चितवन | श्री झलकनाथ कँडेल | प्रमुख | ९८५५०५९५७० |
| ३९ | श्री सशस्त्र वन रक्षक तालिम केन्द्र, टिकौली | श्री विष्णु प्रसाद न्यौपाने | वन अधिकृत | ९८५५०६१३५८ |
| ४० | श्री उद्योग तथा वाणिज्य कार्यालय | श्री विनोद पौडेल | ब. उद्योग अधिकृत | ९८५११६२६२१ |
| ४१ | श्री नापी कार्यालय, भरतपुर | श्री सुवास भण्डारी | प्रमुख नापी अधिकृत | ९८५५०४६१८९ |
| ४२ | श्री जिल्ला निर्वाचन कार्यालय | श्री भिमसेन कार्की | जिल्ला निर्वाचन अधिकृत | ९८५५०८२७९१ |
| ४३ | श्री वि.पि. को मे.क्या. अस्पताल | श्री शिवजी पौडेल | का. निर्देशक | ९८५५०८१४०१ |

प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| ४४ | श्री कारागार कार्यालय, भरतपुर, चितवन | श्री रविन्द्र प्रसाद ढुङ्गाना | कारागार प्रशासक | ९८५५०१२७७७ |
| ४५ | श्री भरतपुर आँखा अस्पताल | डा. पुष्पा गिरी | कार्यालय प्रमुख | ९८१११७५००५ |
| ४६ | श्री भरतपुर अस्पताल | डा. कृष्ण प्रसाद पौडेल | प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट | ९८५५०८१४११ |
| ४७ | श्री भरतपुर नागरिक उड्डयन कार्यालय | श्री दिपक वि.क. | विमानस्थल प्रमुख | ९८४९७९१५०४ |
| ४८ | श्री नागढुङ्गा - मुग्लिङ सडक आयोजना (पश्चिम खण्ड) | श्री केदार प्रसाद नेपाल | आयोजना प्रमुख | ९८५११०९७२१ |
| ४९ | श्री व्यवसायिक किट् विकास फार्म भण्डारा, चितवन | श्री पूर्णिमा क्षेत्री | कार्यालय प्रमुख | ९८५५०५६००२ |
| ५० | श्री जिल्ला ट्राफिक कार्यालय | श्री गायत्री राज शर्मा | प्रहरी निरिक्षक | ९८५५०१७०९९ |
| ५१ | श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, रत्ननगर | डा. श्री कोपिला अधिकारी | कार्यालय प्रमुख | ९८४१३९६५६९ |
| ५२ | श्री यातायात व्यवस्था सेवा कार्यालय, चितवन | श्री विष्णु कुमार भट्टराई | उपसचिव | ९८५५०३४३१० |
| ५३ | श्री राष्ट्रिय प्रकृति संरक्षण कोष | डा. मधु क्षेत्री | कार्यालय प्रमुख | ९८५५०८००६२ |
| ५४ | श्री स्कूल अफ हेल्थ साइन्स | श्री रजनी शाह | शिक्षालय प्रमुख | ९८५५०४८६९४ |
| ५५ | श्री मौरी पालन विकास कार्यक्रम, भण्डारा | श्री गोविन्द प्रसाद पोखरेल | प्रमुख | ९८५५०६६६५३ |
| ५६ | श्री बकुलहर रत्ननगर अस्पताल | डा. श्री मदन ज्ञवाली | मे.सु. | ९८४९३९२७९२ |
| ५७ | श्री नारायणी लिफ्ट, खगेरी सिंचाई व्यवस्थापन कार्यालय | श्री हरि प्रसाद गुरागाई | कार्यालय प्रमुख | ९८५५०८१३२४ |
| ५८ | श्री इलाका प्रशासन कार्यालय, माडी | श्री कृष्णलाल श्रेष्ठ | कार्यालय प्रमुख | ९८५५०८१९४४ |
| ५९ | श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, भरतपुर | श्री महेश रेग्मी | कार्यालय प्रमुख | ९८५५०७७९७० |
| ६० | श्री भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन पर्सा | श्री केशव जैसी | सि.डि.ई. | ९८५५०६३५६८ |
| ६१ | श्री खैरहनी मालपोत कार्यालय | श्री राजेन्द्र प्रसाद पौडेल | कार्यालय प्रमुख | ९८५५०८४४१५ |
| ६२ | श्री खैरहनी नापी कार्यालय | श्री शालिग्राम लम्साल | नापी अधिकृत | ९५८५५०८६४५५ |
| ६३ | श्री चनौली मालपोत कार्यालय | श्री हेम कुमार तिमिल्सिना | कार्यालय प्रमुख | ९८५५०८३१९१ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| ६४ | श्री चनौली नापी कार्यालय | श्री निशान गुरुङ | कार्यालय प्रमुख | ९८५५०८३२८८ |
| ६५ | श्री माडी मालपोत कार्यालय | श्री नवराज घिमिरे | कार्यालय प्रमुख | ९८५५०११०७५ |
| ६६ | श्री माडी नापी कार्यालय | श्री निर्मल कुमार भट्ट | निमित्त कार्यालय प्रमुख | ९८५५०११०३६ |
| ६७ | श्री इच्छाकामना गाउँपालिका कार्यालय | श्री चन्द्रकान्त बस्नेत | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०५०९९९ |
| ६८ | श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | श्री प्रमोद चन्द्र पौडेल | कार्यालय प्रमुख | ९८४१८९१७८६ |
| | श्री नारायणी बेसिन फिल्ड कार्यालय | श्री गोविन्द झा | हाईड्रोलोजिस्ट इन्जिनियर | ९८५२०३४७४१ |
| ६९ | श्री जनक शिक्षा सामाग्री केन्द्र लि. | श्री धन बहादुर के.सि. | कार्यालय प्रमुख | ९८५५०७६३२१ |
| ७० | श्री राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई | श्री प्रकाश नेपाल | कार्यालय प्रमुख | ९८५५०१६९७९ |
| ७१ | श्री चितवन भूमिगत संयोजनात्मक जल सिंचाई आयोजना, भरतपुर | श्री विश्वबन्धु के.सि. | आयोजना प्रमुख | ९८५५०७६९२२ |
| ७२ | श्री कृषि  तालिम केन्द्र भण्डारा | श्री नारायण कुमार श्रेष्ठ | प्रमुख | ९८५१२७९७५२ |
| ७३ | श्री भरतपुर वितरण केन्द्र, नेपाल विद्युत प्राधिकरण | श्री नरेन्द्र विर श्रेष्ठ | केन्द्र प्रमुख | ९८५५०८२३८० |
| ७४ | श्री रत्ननगर टाँडी वितरण केन्द्र, नेपाल विद्युत प्राधिकरण, टाँडी | श्री राजेन्द्र प्रसाद चौधरी | केन्द्र प्रमुख | ९८५५०८३६५५ |
| ७५ | श्री भरतपुर सबस्टेशन, नेपाल विद्युत प्राधिकरण | श्री मिन बहादुर थापा | इन्चार्ज | ९८१६१५५९६९ |
| ७६ | श्री चनौली वितरण केन्द्र, नेपाल विद्युत प्राधिकरण | श्री बिनोद सापकोटा | केन्द्र प्रमुख | ९८५५०१९३१२ |
| ७७ | श्री दूर सञ्चार कार्यालय, भरतपुर | श्री लव कुमार दत्त | Deputy Manager | ९८५५०००२३४ |
| ७८ | श्री दूर सञ्चार कार्यालय, टाँडी | श्री मिलन कुमार श्रेष्ठ | Technical Officer | ९८५५०९४९९० |
| ७९ | श्री साल्ट ट्रेडिङ कर्पोरेशन | श्री बुद्धि विनोद दाहाल | कार्यालय प्रमुख | ९८५५०५६८७१ |
| ८० | श्री आयुर्वेद औषधि उत्पादन कन्द्र, रत्ननगर-०१, चितवन | डा. सुरेश महर्जन | निर्देशक | ९८५५०१३५३१ |
| ८१ | श्री साझा प्रकाशन, बागमती प्रदेश कार्यालय | श्री हरिभद्र घिमिरे | प्रमुख | ९८४१३५५७२३ |
| ८२ | श्री पर्यटन कार्यालय, सौराहा, चितवन | श्री प्रेम प्रसाद ढकाल | प्रमुख | ९८५५०७२५४९ |

प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| ८३ | श्री प्रदेश लेखा इकाई कार्यालय, भरतपुर, चितवन | श्री सागर कुमार पाठक | कार्यालय प्रमुख | ९८५५०६०२०९ |
| ८४ | श्री राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड | श्री उषा सापकोटा | कार्यालय प्रमुख | ९८५५०८५१७५ |
| ८५ | श्री स्वास्थ्य विमा बोर्ड, सम्पर्क शाखा चितवन | श्री डोल कुमारी पौडेल | कार्यालय प्रमुख | ९८४६३११९०२ |
| ८६ | श्री कृषि सामग्री कम्पनी लिमिटेड | श्री राजन बगाले | शाखा प्रबन्धक | ९८४१०५४५७० |

## ४. जिल्ला प्रशासन कार्यालय, चितवनको स्वीकृत दरबन्दी र पदपूर्ति विवरण:

| क्र.सं. | पद | श्रेणी | दरबन्दी संख्या | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | राजपत्राङ्कित प्रथम | १ | १ | | |
| २ | स.प्र.जि.अ. | राजपत्राङ्कित द्वित्तिय | २ | २ | | |
| ३ | प्रशासकीय अधिकृत | राजपत्राङ्कित तृतिय | ४ | ४ | | |
| ४ | नायब सुब्बा | राजपत्र अनंकित प्रथम | १२ | १२ | | |
| ५ | लेखापाल | राजपत्र अनंकित प्रथम | १ | १ | | |
| ६ | कम्प्युटर अपरेटर | राजपत्र अनंकित प्रथम | ३ | ३ | | १ करार |
| ७ | खरिदार | राजपत्र अनंकित द्वित्तिय | ६ | ४ | २ | १ लोसेआमा माग |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | ८ | ८ | | ६ करार |
| ९ | हलुका सवारी चालक | श्रेणीविहिन | ३ | ३ | | ३ करार |
| | | जम्मा | ४० | ३८ | २ | |

## ५. यस कार्यालयबाट प्रदान गरिने सेवा/कार्यविवरण

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवा:

- शान्ति, सुरक्षा र सुव्यवस्थापन कायम गर्ने, गराउने,
- नाम थर वा उमेर आदि प्रमाणित,
- नावालक परिचय पत्र,
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस,
- दलित, मधेसी, आदिवासी जनजाति प्रमाणित,
- पत्रपत्रिका दर्ता।

प्रमुख जिल्ला अधिकारी

- छापाखाना दर्ता।
- पारिवारिक विवरण प्रमाणित।
- नाता प्रमाणित।
- चिठ्ठा जुवा आदिको नियन्त्रण गर्ने
- सार्वजनिक स्थानमा अवान्छनीय ब्यबहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण, लागु औषध नियन्त्रण तथा अबैध घरेलु मदिरा नियन्त्रण
- बिदेशी नागरिकहरुको जिल्लामा उपस्थिति र गतिबिधिको नियमन
- हिंस्रक जन्तु नियन्त्रणमा लिने,
- द्वन्द प्रभावितहरुको पहिचान र राहत बितरण
- राजमार्ग सुरक्षा तथा अवरोध व्यवस्थापन
- सरकारी सवारी साधन नियमन
- मुआब्जा र क्षतिपूर्ति निर्धारण र वितरण
- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण
- विष्फोटक पदार्थ सिफारिस र नियमन
- सुशासन सम्वन्धी कार्य
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखिआए अनुसार तथा अन्य निकायबाट प्राप्त उजुरी उपर प्रारम्भिक छानविन
- भ्रष्ट्राचार नियन्त्रणका लागि समन्वय र सहजीकरण
- सरकारी र सार्वजनिक निकायहरुको अनुगमन तथा निरीक्षण
- स्थानीय तहहरुसंग समन्वय र सहजीकरण
- उपभोक्ता हित संरक्षण र प्रबर्द्धन
- बिकास निर्माण कार्यको अनुगमन, समन्वय र सहजीकरण
- सूचनाको हक कार्यान्वयन
- सार्वजनिक सुनुवाई
- विविध कार्य।

ख) राहदानी सम्वन्धी सेवा:

- राहदानी फाराम संकलन।
- राहदानी वितरण।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

- विद्युतीय राहदानीको विवरण संशोधन।

ग) नागरिकता सम्वन्धी सेवा:

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण।
- नामथर जन्म मिति संशोधन।
- जन्मको आधारमा नागरिकता प्रमाणपत्र वितरण।

घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवा:

- सार्वजनिक मुद्दा
- गुनासो वा ठाडो उजुरी।

ङ) हातहतियार इजाजत तथा नवीकरण तथा पेन्सन सिफारिस सम्वन्धी सेवा:

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।
- पारिवारिक पेन्सन, शपथ पत्र, दुई नामथर र जन्ममिति प्रमाणित, रहलपहल सम्बन्धी सिफारिस

च) संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवा:

- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

छ) आपूर्ति व्यवस्था अनुगमन सम्वन्धी सेवा:

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन।

ज) विपद् व्यवस्थापन सम्वन्धी सेवा:

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण।
- विपद् न्यूनीकरणका लागि तयारी।
- विपदमा भएको क्षति विवरण संकलन।
- विपदमा पीडित भएकालाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनर्स्थापना।

झ) राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवाः

- राष्ट्रिय परिचय पत्र विवरण संकलन सम्बन्धी कार्य

प्रमुख जिल्ला अधिकारी

- राष्ट्रिय परिचय पत्र वितरण

६. कार्यालयबाट गत आ.व. २०८१।८२ अन्तर्गत २०८१ श्रावण देखी २०८२ आषाढ मसान्तसम्म सम्पादित कार्यहरुः

| क्र.स. | सम्पादित प्रमुख कार्यहरू | | गत त्रैमासिकसम्मको उपलब्धी | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | अन्य | जम्मा |
| १ | नागरिकताको वितरण | (क) बंशज | ५,४१४ | ५,४४२ | ० | १०,८५६ |
| | | (ख) वैवाहिक अंगिकृत | ३१ | | | ३१ |
| | | (ग) गैर आवासिय | ४८ | १२० | ० | १६८ |
| | | (घ) प्रतिलिपी | ७,४६८ | ८,२४३ | ० | १५,७११ |
| २ | नागरिकता परित्याग | | ३३ | ९४ | ० | १२७ |
| ३ | नागरिकता रद्द | | ८ | २ | ० | १० |
| ४ | नाबालक परिचयपत्र | (क) नाबालक परिचयपत्र नयाँ दर्ता | ८२९ | ९१० | ० | १,७३९ |
| | | (ख) नाबालक परिचयपत्र प्रतिलिपी | २५ | ३५ | ० | ६० |
| ५ | राष्ट्रिय परिचय पत्र | (क) राष्ट्रिय परिचयपत्र नयाँ दर्ता | ३०,३०५ | २९,४८८ | ० | ५९,७९३ |
| | | (ख) राष्ट्रिय परिचयपत्र वितरण | ७८,०८० | ८३,१८४ | ० | १६१,२६४ |
| ६ | प्रमाणित / सिफारिस | (क) जातिय प्रमाणित | ३९९ | ३७८ | ३० | ८०७ |
| | | (ख) भारतिय पेन्सन सिफारिस | | | | ७४६ |
| | | (ग) व्यक्ति प्रमाणित सिफारिस | | | | ७३४ |
| | | (घ) अन्य | | | | ४,३८२ |
| | | | महिला | पुरुष | नाबालक | जम्मा |
| ७ | राहदानी | (क) राहदानी सिफारिस | ११,६१३ | १५,१८७ | १,७४१ | २८,५४१ |
| | | (ख) राहदानी वितरण | १२,२१४ | १४,३२७ | १,३६६ | २७,९०७ |
| ८ | विपद व्यवस्थापन सम्बन्धी | (क) विपदबाट पिडित | | | | २६ |
| | | (ख) विपद् पिडितलाई आर्थिक सहायता रकम / सामाग्री | | | | १९,३९८,०१६.०० |
| ९ | चालु आ.व. को मुद्दा संख्या | (क) दर्ता | | | | २९८ |
| | | (ख) फर्छ्यौट | | | | २०२ |
| १० | गत आ.व. को मुद्दा संख्या | (क) अ.ल्या संख्या | | | | १०५ |
| | | (ख) फर्छ्यौट | | | | ८२ |
| ११ | संस्था | (क) नयाँ दर्ता | | | | १२० |
| | | (ख) नविकरण | | | | ७७१ |
| १२ | हातहतियार | (क) नविकरण | | | | ५९ |
| | | (ख) नामसारी | | | | ४ |
| १३ | पत्रपत्रिका दर्ता | | | | | २ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

| | | | |
|---|---|---|---|
| १४ | छापाखाना दर्ता | | ० |
| १५ | बैठक | (क) जिल्लास्थित कार्यालय प्रमुख | १३ |
| | | (ख) जिल्ला सुरक्षा समिति | ४८ |
| | | (ग) जिल्लास्थित सूचना अधिकारी | ४ |
| | | (घ) कार्यालय कर्मचारी | १२ |
| | | (ङ) अन्य | ६५ |

| | | | दर्ता | फछ्र्योट |
|---|---|---|---|---|
| १६ | गुनासो र फर्छ्यौट | (क) कार्यालयमा ठाडो उजुरी | ५५३ | ५५३ |
| | | (ख) गृह मन्त्रालय मार्फत | ३ | ३ |
| | | (ग) अ.दु.अ.आयोग मार्फत | ९ | ५ |
| | | (घ) राष्ट्रिय सतर्कता केन्द्र मार्फत | ० | ० |
| | | (ङ) हेल्लो सरकार मार्फत | १८ | १८ |

| | | | |
|---|---|---|---|
| १७ | कार्यालयको वेभसाइट अद्यावधिक | | १४९ |
| १८ | सामाजिक सञ्जाल अद्यावधिक | | २८३ |
| १९ | बजार अनुगमन | | २८ |
| २० | कार्यालय निरिक्षण | | १४ |
| २१ | संघ-संस्था अनुगमन तथा निरिक्षण | | ८८ |
| २२ | विशिष्ठ व्यक्ति भ्रमण व्यवस्थापन | | ८६ |
| २३ | आय तर्फ | (क) हातहतियार | ३६३,५००.०० |
| | | (ख) राहदानी दस्तुर | १४८,९६२,५००.०० |
| | | (ग) न्यायिक दण्ड जरिवाना | ०.०० |
| | | (घ) प्रशासनिक दण्ड, जरिवाना र जफत | १,०८७,८७५.२९ |
| | | (ङ) अन्य प्रशासनिक सेवा शुल्क | ३,३८२,४२२.०० |
| | | (छ) बेरुजु | ७,१००.०० |
| | | (च) परीक्षा शुल्क | २,२००.०० |
| २४ | व्यय तर्फ | (क) चालु खर्च | ३०,९९७,३९५.७८ |
| | | (ख) पूँजिगत खर्च | ८,५३६,७७२.६९ |
| | | (ग) राष्ट्रिय परिचयपत्र कार्यक्रम | २,१७०,७२०.०० |

| इलाका प्रशासन कार्यालय, माडी | | | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| २५ | नागरिकताको वितरण | (क) बंशज | ५२३ | ५०८ | ० | १,०३१ |
| | | (ख) वैवाहिक अंगिकृत | ६ | | | ६ |
| | | (ग) प्रतिलिपी | ७२३ | ९१० | ० | १,६३३ |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | नाबालक परिचयपत्र | (क) नाबालक परिचयपत्र नयाँ दर्ता | ३१ | ३३ | ० | ६४ |
| | | (ख) नाबालक परिचयपत्र प्रतिलिपी | ० | ० | ० | ० |
| २७ | प्रमाणित / सिफारिस | (क) जातिय प्रमाणित | ४८ | ३८ | ० | ८६ |
| | | (ख) व्यक्ति प्रमाणित | | | | ६ |
| | | (ग) अन्य | | | | ० |

## ७. कार्यालयबाट चालु आ.व. २०८२।८३ अन्तर्गतको २०८२ श्रावण महिनामा सम्पादित कार्यहरुः

| क्र.स. | सम्पादित प्रमुख कार्यहरू | | गत त्रैमासिकसम्मको उपलब्धी | | | |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | अन्य | जम्मा |
| १ | नागरिकताको वितरण | (क) बंशज | ४४६ | ४०६ | ० | ८५२ |
| | | (ख) वैवाहिक अंगिकृत | ६ | | | ६ |
| | | (ग) गैर आवासिय | ४ | १० | ० | १४ |
| | | (घ) प्रतिलिपी | ८५२ | ८७९ | ० | १७३१ |
| २ | नागरिकता परित्याग | | ३ | ६ | ० | ९ |
| ३ | नागरिकता रद्ध | | १ | १ | ० | २ |
| ४ | नाबालक परिचयपत्र | (क) नाबालक परिचयपत्र नयाँ दर्ता | ५६३ | ५४९ | ० | १११२ |
| | | (ख) नाबालक परिचयपत्र प्रतिलिपी | ६३ | ७७ | ० | १४० |
| ५ | राष्ट्रिय परिचय पत्र | (क) राष्ट्रिय परिचयपत्र नयाँ दर्ता | १ | ० | ० | १ |
| | | (ख) राष्ट्रिय परिचयपत्र वितरण | २१२७ | १९०९ | ० | ४०३६ |
| ६ | प्रमाणित / सिफारिस | (क) जातिय प्रमाणित | २४९९ | २४९३ | ० | ४९९२ |
| | | (ख) भारतिय पेन्सन सिफारिस | | | | ३९ |
| | | (ग) व्यक्ति प्रमाणित सिफारिस | | | | ७२ |
| | | (घ) अन्य | | | | २१६ |
| | | | महिला | पुरुष | नाबालक | जम्मा |
| ७ | राहदानी | (क) राहदानी सिफारिस | ११३५ | १४५२ | १५० | २७३७ |
| | | (ख) राहदानी वितरण | १०१० | १३२३ | १०६ | २४३९ |
| ८ | विपद व्यवस्थापन सम्बन्धी | (क) विपदबाट पिडित | | | | १ |
| | | (ख) विपद् पिडितलाई आर्थिक सहायता रकम / सामाग्री | | | | १५000.00 |
| ९ | चालु आ.व. को मुद्धा संख्या | (क) दर्ता | | | | २६ |
| | | (ख) फर्छयौट | | | | २ |
| १० | गत आ.व. को मुद्धा संख्या | (क) अ.ल्या संख्या | | | | १२८ |
| | | (ख) फर्छयौट | | | | १७ |
| ११ | संस्था | (क) नयाँ दर्ता | | | | ११ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

| | | | | |
|---|---|---|---|---|
| | | (ख) नविकरण | | १९ |
| १२ | हातहतियार | (क) नविकरण | | ५६ |
| | | (ख) नामसारी | | ० |
| १३ | पत्रपत्रिका दर्ता | | | ० |
| १४ | छापाखाना दर्ता | | | ० |
| १५ | बैठक | (क) जिल्लास्थित कार्यालय प्रमुख | | १ |
| | | (ख) जिल्ला सुरक्षा समिति | | ४ |
| | | (ग) जिल्लास्थित सूचना अधिकारी | | ० |
| | | (घ) कार्यालय कर्मचारी | | १ |
| | | (ङ) विपद् व्यवस्थापन | | १ |
| | | (ङ) अन्य | | २ |
| १६ | गुनासो र फर्छ्यौट | | दर्ता | फछ्र्यौट |
| | | (क) कार्यालयमा ठाडो उजुरी | ६१ | ६१ |
| | | (ख) गृह मन्त्रालय मार्फत | २ | २ |
| | | (ग) अ.दु.अ.आयोग मार्फत | ४ | ० |
| | | (घ) राष्ट्रिय सतर्कता केन्द्र मार्फत | ० | ० |
| | | (ङ) हेल्लो सरकार मार्फत | ० | ० |
| १७ | कार्यालयको वेभसाइट अद्यावधिक | | | १८ |
| १८ | सामाजिक सञ्जाल अद्यावधिक | | | १७ |
| १९ | बजार अनुगमन | | | ६ |
| २० | कार्यालय निरिक्षण | | | ० |
| २१ | संघ-संस्था अनुगमन तथा निरिक्षण | | | २ |
| २२ | विशिष्ठ व्यक्ति भ्रमण व्यवस्थापन | | | ८ |
| २३ | आय तर्फ | (क) हातहतियार | | २७४०००.०० |
| | | (ख) राहदानी दस्तुर | | १४३९५०००.०० |
| | | (ग) न्यायिक दण्ड जरिवाना | | ०.०० |
| | | (घ) प्रशासनिक दण्ड, जरिवाना र जफत | | ७०५००.०० |
| | | (ङ) अन्य प्रशासनिक सेवा शुल्क | | १५५०५०.०० |
| | | (छ) बेरुजु | | ०.०० |
| | | (च) परीक्षा शुल्क | | ०.०० |
| २४ | व्यय तर्फ | (क) चालु खर्च | | १५२०५६८.३६ |
| | | (ख) पूँजिगत खर्च | | ०.०० |
| | | (ग) राष्ट्रिय परिचयपत्र कार्यक्रम | | ०.०० |

प्रमुख जिल्ला अधिकारी

| इलाका प्रशासन कार्यालय, माडी | | | महिला | पुरुष | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| २५ | नागरिकताको वितरण | (क) बंशज | ६२ | ३४ | ० | ९६ |
| | | (ख) वैवाहिक अंगिकृत | ० | | | ० |
| | | (ग) प्रतिलिपी | ६७ | ८३ | ० | १५० |
| २६ | नाबालक परिचयपत्र | (क) नाबालक परिचयपत्र नयाँ दर्ता | ३ | ३ | ० | ६ |
| | | (ख) नाबालक परिचयपत्र प्रतिलिपी | ० | ० | ० | ० |
| २७ | प्रमाणित / सिफारिस | (क) जातिय प्रमाणित | ९ | २ | ० | ११ |
| | | (ख) व्यक्ति प्रमाणित | | | | ० |
| | | (ग) अन्य | | | | ० |

## ८. कार्यकाल अवधिमा सम्पादित भएका मुख्य-मुख्य कार्यहरु:

### क) सेवा प्रवाह:

- सेवाग्राहीले सरल तरिकाले बुझ्ने किसिमले प्रवेशद्वारमा सेवा प्रवाह नक्शांकन (Service Mapping) को व्यवस्था गरिएको,
- राष्ट्रिय परिचयपत्र विवरण संकलन गर्न मिति २०८२ जेष्ठ २८ गते बिहान ७:०० बजे देखि समय थप गरी बिहानी सेवाको सुरुवात गरिएको र साविकमा ४ वटा स्टेशन रहेकोमा स्टेशन थप गरी १० वटा स्टेशनबाट राष्ट्रिय परिचय पत्र विवरण संकलन कार्यको व्यवस्था मिलाइएको,
- कार्यालयबाट प्रवाह गरिने सेवाहरु राहदानी, नागरिकता, नागरिकता प्रतिलिपीका लागि एक दिवसीय सेवा सञ्चालन गरिएको,
- स्थानीय स्तरमा जनशक्ति र Logistic व्यवस्थापन,
- सूचना प्रवाह, सञ्जालीकरण र समन्वय अन्तर्गत (DAO&Press, office chief&DAO Chitwan, Hounrable&DAO Chitwan, DDMC/DAO&NGO, Political Parties & DAO Chitwan, जिल्ला सुरक्षा समिति, Bankers&DAO) WhatsApp Group सञ्चालनमा ल्याइएको,
- सबै स्थानीय तहका ९८ वटै वडा कार्यालयबाट अनलाइन प्रणाली मार्फत नागरिकता सिफारिस गर्ने कार्य गरिएको,
- CCRS मा प्राप्त भएका नागरिकता सम्बन्धी गुनासो फछ्र्यौट गरी शून्यमा झारिएको,
- गत आ.व. २०८१।८२ को आन्तरिक लेखा परिक्षण र जिन्सी निरिक्षण सम्पन्न भएको,
- सहायक प्रजिअ आवासको भवन निर्माण कार्य सम्पन्न भएको,

### ख) कार्यालय व्यवस्थापन एवं सौन्दर्यीकरण:

- रत्ननगर उद्योग वाणिज्य संघसँग समन्वय गरी कार्यालयको बगैंचा परिसरमा रहेको चितवन जिल्लाको पहिचान एक सिंगे गैंडाको प्रतिमा निर्माण,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

❖ मालीको व्यवस्था गरी कार्यालय परिसरमा रहेको बगैंचा व्यवस्थापन गरिएको ।

**ग) विपद् व्यवस्थापन:**

❖ विपद् जोखिम न्यूनिकरण गर्न छिमेकी जिल्ला एवं स्थानीय तहहरुसँग समन्वय गरी नदी तटीय क्षेत्रका लागि आवश्यक बिग बोल्डरको व्यवस्थापनका लागि समन्वय गरिएको,

❖ विपद् प्रभावित क्षेत्रहरुमा जोखिम न्यूनिकरणका लागि पूर्व सूचना दिने कार्य गरिएको ।

**घ) नमूना योजनाबद्ध तर्जुमा र कार्यान्वयनः**

❖ शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण केन्द्रहरुको अनुगमन गरी दर्ता प्रक्रियामा लगिएको र यस कार्यालयमा सूचिकृत हुन नआएका र अवैध रुपमा सञ्चालित संस्थाहरुलाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा लेखी पठाइएको,

❖ उपभोक्ता हित विपरितका गतिविधि न्यूनिकरण तथा नियन्त्रण गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय र जनस्वास्थ्य कार्यालयहरुसँगको क्षेत्रगत रुपमा बजार अनुगमनलाई तिब्रता दिइएको,

❖ गुनासोको लागि स्थानीय QR Code कार्यान्वयन,

❖ बाराम्बार सोधिने प्रश्नहरु (FAQ) तयारी गर्ने र सार्वजनिकीकरण गर्ने,

**९. अवसर तथा समस्या/चुनौतीहरु:**

**क) जिल्लाको मुख्य-मुख्य सम्भावनाहरु:**

❖ मेडिकल हव

❖ Poultry Hub

❖ पर्यटन गन्तब्य/साहसिक पर्यटन

  ➢ जैविक विविधता

  ➢ भौगोलिक विविधता

  ➢ सामाजिक र सांस्कृतिक

❖ उद्योग एवं व्यवसाय

**ख) जिल्लामा देखिएका पछिल्ला चुनौतीहरु:**

❖ लागु औषध

❖ सार्वजनिक जग्गा अतिक्रमण

❖ सवारी दुर्घटना

❖ मनसुनजन्य विपद्

❖ प्राकृतिक स्रोतको दोहन

प्रमुख जिल्ला अधिकारी

- वैदेशिक रोजगार ठगी
- सहकारी एवं लघुवित्त
- उपभोक्ता गुनासो उजुरी
- मुआब्जा निर्धारण
- संघ-संस्थाहरुको नियमन

**ग) आगामी योजनाहरु:**

- सेवा प्रवाह व्यवस्थापन
- गुनासो सम्बोधन (वैदेशिक रोजगार, सेवाग्राही, ठगी, ठाडो उजुरी)
- सरकारी/सार्वजनिक जग्गा संरक्षण
- सवारी दुर्घटना न्यूनिकरण व्यवस्थापन
- लागु औषध नियन्त्रण
- विपद् व्यवस्थापन
- प्राकृतिक स्रोत साधनको संरक्षण

**घ) योजना साकार पार्ने प्रभावकारी उपायहरु:**

- सर्वपक्षिय समन्वय (राजनीतिक दल, सरकारी/गैर सरकारी संघ-संस्था, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्थाहरु)
- उचित समयमा प्रभावकारी निर्णय र कार्यान्वयनमा प्रभावकारिता
- नियमित अनुगमन र नियमन (विकास आयोजना, संघ-संस्था, बजार, कार्यालय आदि)

## १०. कार्यसम्पादन सूचक (CPAS) प्रथम त्रैमासिक अन्तर्गत प्रगति अवस्था:

| क्र.सं. | कार्यसम्पादन सूचक विवरण | अपलोड गरिएको संख्या | कैफियत |
|---|---|---|---|
| **१. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण** | | | |
| क | अपराध नक्सा सहितको एकीकृत वार्षिक रणनीतिक सुरक्षा योजना तर्जुमा | १ | |
| ख | क्षेत्रगत विशेष सुरक्षा योजना तर्जुमा | ० | |
| ग | जिल्ला सुरक्षा समितिको वैठक सञ्चालन | २ | |
| घ | सुरक्षा निकायहरुको निरीक्षण (कार्यालय, इकाई, चौकी, बिओपी समेत) | ० | |
| च | बाल गृह, असहाय आश्रम, वृद्धाश्रमको निरिक्षण | ० | |
| ज | सबै स्थानीय तहमा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | ० | |
| झ | राजमार्ग (सडक) अवरोध रहित सञ्चालन गर्न कार्ययोजना र रोष्टर निर्माण | ० | |
| ट | दैनिक प्रतिवेदन प्रणाली (DRS) सञ्चालन | ० | |
| **२. शासकीय प्रबन्ध** | | | |
| क | वार्षिक कार्य योजना तर्जुमा र कार्यान्वयन / प्रतिवेदन | १ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

| क्र.सं. | कार्यसम्पादन सूचक विवरण | अपलोड गरिएको संख्या | कैफियत |
|---|---|---|---|
| ख | मातहतका कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता, मूल्यांकन र प्रतिवेदन | १ | |
| घ | दर्ता भएका मुद्दाहरुको फछ्र्यौट | ० | |
| ङ | अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका मुद्दाको फछ्र्यौट | ० | |
| च | जिल्ला प्रशासन कार्यालयको कर्मचारी बैठक सञ्चालन | १ | |
| छ | नागरिकता सम्बन्धी उजुरीको फछ्र्यौट | ० | |
| ज | CIMS को त्रुटी सच्याउने | ० | |
| झ | कार्यालयमा सिधै या नियामक निकाय मार्फत प्राप्त उजुरीहरुको फछ्र्यौट | ० | |
| ञ | अनुचित लेनदेन (मिटरब्याज), वैदेशिक रोजगार, सवारी दुर्घटना बिमा/क्षतिपूर्ति सम्बन्धी उजुरीको फछ्र्यौट | ० | |
| ट | जिल्लास्थित कार्यालय प्रमुखहरुसँग बैठक | १ | |
| ठ | जिल्लास्थित सरकारी कार्यालयको निरिक्षण | ० | |
| ढ | स्वतः प्रकाशन गर्नुपर्ने सूचना (Proactive Disclosure) प्रकाशन | ० | |
| ण | सूचना अधिकारीसँग बैठक | ० | |
| त | उपभोक्ता हित विपरतिका गतिविधि नियन्त्रण र न्यूनिकरणका लागि बजार अनुगमन र उपभोक्ता हित विपरितका कार्यहरु सम्बन्धी उजुरीहरुको फछ्र्यौट | ० | |
| द | संघ संस्था, निजी सुरक्षा कम्पनी अनुगमन र प्रतिवेदन | २ | |
| न | सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फछ्र्यौट | ० | |
| फ | राजश्व चुहावट नियन्त्रण समितिको बैठक | ० | |
| ब | कार्यालयको अभिलेख व्यवस्थापन तथा डिजिटाइजेसन | ० | |
| ल | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरिय मूल्यांकन समितिको बैठक सञ्चालन | ० | |
| व | कसुरजन्य सम्पत्तिको अभिलेख व्यवस्थापन/विवरण अद्यावधिक, लिलाम सम्बन्धी | ० | |
| श | पुँजिगत खर्चको वित्ति प्रगति | ० | |
| ष | विविध खाताको एकिकृत विवरण | ० | |
| स | प्रणाली मार्फत स्थानीय तहबाट नागरिकता सिफारिस कार्यान्वयन | ० | |
| ह | राष्ट्रिय परिचयपत्र वितरण | ० | |
| क्ष | राहदानी वितरण | ० | |
| **३. लागु औषध नियन्त्रणः** | | | |
| क | विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित सचेतना कार्यक्रम सञ्चालन | ० | |
| ख | लागु औषध कारोबार र प्रयोगको सम्भाव्य क्षेत्र तथा सीमा नाकामा निरीक्षण र अनुगमन | ० | |
| ग | लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवाला निकायसँग समन्वय बैठक | ० | |
| घ | सुरक्षा निकाय, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन | ० | |
| ङ | उपाचार र पुनर्स्थापना केन्द्रहरुको अनुगमन | ० | |
| **४. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनः** | | | |
| क | जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक सञ्चालन | १ | |
| ख | जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) अद्यावधिक | १ | |
| घ | सबै स्थानीय तह समटिने गरी उपलब्ध उपकरण सहितको QRT/IRT को परिचालन योजना र प्रतिवेदन | ० | |

प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | कार्यसम्पादन सूचक विवरण | अपलोड गरिएको संख्या | कैफियत |
|---|---|---|---|
| ङ | विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास सञ्चालन | ० | |
| च | विपद् भएको समयमा उद्धार र राहत वितरण | ० | |
| **५. मुआब्जा वितरण तथा विकास सहजीकरणः** | | | |
| ग | आयोजनाको कार्यान्वयन सहजिकरण, अनुगमन र सुरक्षा व्यवस्थापन | ० | |

**११. कार्यान्वयनको क्रममा रहेका तथा आगामी दिनमा कार्यान्वयन गर्नुपर्ने मुख्य-मुख्य कार्यहरुः**

क) सहायक प्रमुख जिल्ला अधिकारी आवास भवन निर्माण सम्पन्न भएको,

ख) कार्यालयको सेफ्टी ट्याङ्की र बरण्डामा टायल राख्ने कार्य सम्पन्न भएको,

ग) भरतपुर महानगरपालिकाको कार्यालयमा समन्वय गरी कार्यालयको लागि इन्भर्टर र नेटवर्किङ्गको व्यवस्थापन गरिएको,

घ) सेवाग्राहीको सवारी साधनको पार्किङ्गको लागि पार्किङ्ग सेड निर्माण गरिएको ।

**१२. भावी कार्यदिशाः**

जिल्ला प्रशासन कार्यालय चितवनले हाल प्रवाह गरिरहेका सेवाहरुलाई थप Empathetic र Citizen Centric बनाई सेवाग्राही सन्तुष्टिलाई बढाउन पर्ने देखिन्छ । यसैगरि जिल्लामा रहेका अन्य कार्यालय तथा सार्वजनिक निकायहरुलाई थप जिम्मेवार बनाउनु आवश्यक छ । सबै सरकारी तथा सार्वजनिक कार्यालयहरुमा बिचौलियाको प्रवेशलाई निषेधित गर्ने तथा अपाङ्ग गर्भवती अशक्त तथा बृद्ध बृद्धालाई प्राथमिकता दिएर सेवा प्रदान गर्ने । सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम प्रत्येक कार्यालयले नियमानुसार प्रकाशन गर्नु पर्ने बार्षिक प्रतिवेदन आ-आफ्नो वेभसाइटमा प्रकाशन गर्ने तथा पुराना सामानहरुको लिलाम बिक्री तथा जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयमा सहज ब्यवस्था गरि निश्चित मापदण्डको आधारमा लिलाम मिनाहा र लगत कट्टा गर्ने ब्यवस्था गर्नु पर्ने । सबै सेवा प्रदायक निकायहरुमा उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, नागरिक सहायता कक्ष लगायतका व्यवस्थापकीय पक्षहरुको माध्यमबाट गुनासो रहित सेवा प्रवाहमा जोड दिइएको । त्यस्तै चाडपर्वको समयमा तथा अन्य समयमा हुनसक्ने कालो वजारी नियन्त्रण गर्न मुख्य वजार क्षेत्रहरुमा सघन रुपले अनुगमन गर्ने व्यवस्था गरिनु अपरिहार्य देखिन्छ ।

**१३. निष्कर्ष**

जिल्ला प्रशासन कार्यालय, चितवनमा बहाली भई आउँदा जिल्लाको शान्ति सुरक्षा, सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई थप सुदृढीकरण गर्नका लागि सुरक्षा समिति, कार्यालय प्रमुख, सुचना अधिकारी, सरोकारवालाहरुसँगको बैठक आदिलाई जोड दिईएको छ । जिल्ला प्रशासन कार्यालय तथा जिल्लास्थित अन्य कार्यालयहरुको कार्यपद्धतिलाई अनुमानयोग्य र पारदर्शी तुल्याउन विभिन्न समयमा अनुगमन गरि निर्देशन दिने काम भएको छ ।

प्रमुख जिल्ला अधिकारी

सहकारीज्यू,

चितवन जिल्लामा रही प्रमुख जिल्ला अधिकारीको रुपमा कार्यरत रहँदाको अवधि उपलब्धीमूलक नै रह्यो । सहायक प्रमुख जिल्ला अधिकारी लगायत शाखामा कार्यरत सबै कर्मचारीहरुको ईमान्दारिता, लगनशिलता र मेहनतका कारण जिल्ला प्रशासन कार्यालयको कार्यविवरण अनुसारका कार्यहरु प्रभावकारी रुपमा सम्पादन गर्न सम्भव भएको हो । यस अवधिमा शान्ति सुरक्षा तथा अपराध नियन्त्रण सम्बन्धमा प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यहरु सञ्चालन, शान्ति सुरक्षामा नागरिकहरुको सहभागिता वृद्धि, विपद् व्यवस्थापनका लागि Ware House स्थापना तथा सञ्चालन, सुशासन अभिवृद्धिका लागि जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा तथा प्रभावकारी कार्यान्वयन साथै योजनावद्ध कार्यसम्पादनको कार्यसंस्कृति संस्थागत भएको छ । यस कार्यका जिल्लास्थित सबै सुरक्षा निकाय तथा सरकारी निकायका प्रमुखहरुको ठूलो सहायता रहेको छ । कार्यसम्पादनका क्रममा स्थानीय तहसँगको सम्बन्ध सुमधुर कायम रहेको छ । राजनैतिक दलका पदाधिकारी तथा जनप्रतिनिधिहरुसँगको सम्बन्ध सहकार्यात्मक रहेको छ । विभिन्न प्रयासहरुका बाबजुद माथि उल्लेख भए अनुसार केही कार्यहरु कार्यान्वयनकै क्रममा रहेका छन् । उक्त कार्यहरुको कार्यान्वयनका यहाँको पहलकदमी रहने साथै राम्रा अभ्यासहरुको निरन्तरताको अपेक्षा गर्दछु ।

अन्त्यमा यस जिल्लामा प्रमुख जिल्ला अधिकारीको रुपमा रही काम गर्ने क्रममा मलाई सहयोग र साथ दिनुहुने पदाधिकारी/महानुभावहरुप्रति आभारी छु । साथै प्रिय सहकारीको यस जिल्लाको बसाइ सुखद् एवम् उल्लासजनक रहोस् र यहाँको यस जिल्लाको कार्यकाल सफल रहोस् भन्ने शुभेच्छा समेत व्यक्त गर्दछु ।

प्रकाश पौडेल
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, चितवन
पदाधिकार: जिल्ला प्रशासन कार्यालय, बारा

**बोधार्थ:**

श्रीमान् सचिवज्यू, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा ।

**सादर अवगतार्थ**

श्रीमान् सचिवज्यू, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडा ।
श्री जिल्ला प्रशासन कार्यालय: कार्यालय अभिलेखको लागि ।